प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७५/०७६ मा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रदेश नं ७ अन्तर्गतको वर्गिकृत (नि:शुल्क) छात्रवृत्तिको नतिजा प्रकाशन एवं मूख्य परीक्षार्थी (Main Candidate) मा छनौट भएका परीक्षार्थीहरुलाई अध्ययन गर्न सिफारिश भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७५।०५।१८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७५।०३।१३ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम शैक्षिक सत्र २०७५/०७६ को डिप्लोमा/प्रमाणपत्र तहका बिभिन्न शैक्षिक कार्यक्रमहरुमा वर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा छनौटका लागि आवेदन फाराम भरी प्रदेश नं ७ अन्तर्गतका तोकिएका बिभिन्न परीक्षा केन्द्रहरुमा सञ्चालित डिप्लोमा तथा प्रमाणपत्र तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको मिति २०७५।०४।१२ गते बिहान ७:०० बजे देखि र मिति २०७५।०५।१३ गते विहान ७:०० बजे देखि श्री कैलाली बहुमुखी क्याम्पस, धनगढी, कैलालीमा संचालित प्रवेश परीक्षामा सामेल भएका परीक्षार्थीहरुमध्ये प्रदेश अनुसार तोकिएको आवेदन फाराम साथ संलग्न शिक्षण संस्थाहरुको सूचीबाट आफुले अध्ययन गर्न चाहेको शिक्षण संस्था प्राथमिकिकरण गरी तोकिएका शिक्षण संस्थाहरुमा फाराम बुझाए अनुसारको प्रदेश अन्तर्गत पर्ने परिषद्बाट संचालन सम्वन्धन स्वीकृति प्राप्त शिक्षण संस्थाहरुको कोटा र लक्षित बर्गमा मुख्य परीक्षार्थीहरुको नाम र शिक्षण संस्था सहित डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४ (संशोधन सहित) बमोजिम योग्यताक्रमानुसार सिफारिश गरिएकोले मिति २०७५।०५।१७ गतेको निर्णयानुसार नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । नतिजाको विवरण परिषद्को वेवसाइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ ।

सिफारिश भएका मुख्य परिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषद्को वेभसाइटबाट नतिजा डाउनलोड गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना निर्देशिका, २०७४ मा उल्लेख भए बमोजिमका आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षाको प्रवेशपत्र र आफ्नो बर्ग खुल्ने प्रमाणपत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचनालाई आधारमानी परिषद्को वेभसाइट www.ctevt.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिश भएका परिक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु भर्ना सम्वन्धी निर्देशिकाको बुंदा नम्बर ११ मा भएको प्रावधान अनुरुप रुजु गर्ने जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा सो रुजु गरी तोकिएको म्याद भित्र परीक्षार्थीबाट कुनै पनि शुल्क नलिई भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । उल्लेखित म्यादभित्र परिक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा उक्त कोटामा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४(संशोधन सहित) बमोजिम वैकल्पिक सूचीमा रहेका परीक्षार्थीहरुलाई भर्ना गर्नुपर्ने प्रावधान रहेकोले सम्वन्धित शिक्षण संस्थाले रिक्त रहेको कार्यक्रमको परीक्षार्थीको नाम, थर र लक्षित बर्ग समेत उल्लेख गरी परिषद्, प.नि.का.लाई अनिवार्य रुपमा ३ दिन भित्र (इमेल oce.ctevt@gmail.com) मा पत्र स्क्यान गरीलिखित जानकारी गराउनु हुन यसै सूचनाद्वारा सूचित गराइन्छ ।

एस.इ.ई को स्तरोन्नती परीक्षामा सामेल भई बिभिन्न शैक्षिक कार्यक्रममा भर्नाको लागि मुख्य परिक्षार्थीको रुपमा सिफारिश भएका परीक्षार्थीहरुले एस.इ.ई को नतिजामा आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त नगरेमा भर्ना स्वत: रद्ध हुने शर्तमा कबुलियत गराई इच्छुक परीक्षार्थीलाई भर्ना गर्नुहुन अनुरोध छ ।

तोकिएको मिति भित्र सम्वन्धित शिक्षण संस्थाले छात्रवृत्ति सम्वन्धी विवरणको जानकारी पेश नगरेमा भर्ना सम्वन्धी निर्देशिका २०७४ को बुंदा नं ७.१.५ र ७.१.६ बमोजिम भैजाने व्यहोरा समेत सूचित गरिन्छ ।

नोट : यो सूचना CTEVT को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**